स्थानीय सरकार

# खनियाबास गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

दार्खा, धादिङ

बागमती प्रदेश, नेपाल

# गाडी भाडामा लिने सम्बन्धि सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना !

**सूचना प्रकाशित मिति : २०८२/०४/०६**

चालु आ.व. २०८२/०८३ को आषाढ मसान्तसम्मको लागि यस खनियाबास गाउँपालिकाको कार्यालय प्रयोजन तथा योजना अनुगमन, निरीक्षण, सुपरिबेक्षण र फिल्ड भिजिट लगायतका कार्यका लागि नेपाली नम्बर प्लेट भएको चार पांग्रे हलुका सवारी साधन (4-Wheel बोलेरो) जिप थान- ०१ भाडामा लिनुपर्ने भएकाले तपसिल बमोजिमको मापदण्ड र शर्तको अधिनमा रही भाडाको गाडी वा निजी गाडी भाडामा दिन इक्छुक सवारी धनी/फर्महरुलाई यही सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा यस कार्यालयको राजश्व शाखा वा ग्लोबल आइ.एम.ई बैंकमा रहेको आन्तरिक राजश्व खाता नं. ३६२०४०१००००००५ मा दस्तुर रु. १,०००/- (अक्षरुपि एक हजार रुपैया मात्र) तिरेको रसिद सहित शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । पेश भएका सिलबन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले सोही दिनको ०७:०० बजे खोलिनेछ । उक्त दिन बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन ०७:०० बजे नै खोलिनेछ ।

**तपसिलः**

१. सिलबन्दी दरभाउपत्र पेश गर्दा बिमा कायम गरि नवीकरण भएको सवारी दर्ता प्रमाणपत्र, सवारी चालकको नवीकरण भएको चालक अनुमति पत्र, फर्मको हकमा फर्म दर्ता वा नवीकरण प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता भएको प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र प्रदुषण मापनको हरियो स्टिकरको प्रमाण संलग्न राखी यस कार्यालयमा आफै वा आफ्नो आधिकारिक प्रतिनिधि पठाई सिलबन्दी दरभाउपत्र दर्ता गर्न सकिनेछ ।

२. दरभाउपत्रको प्रत्येक पानामा सहिछाप गरी प्रत्येक आइटमको दररेट अंक र अक्षर दुबैमा प्रष्ट लेखी सिलबन्दी गरी पेश गर्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ ।

३. रीत नपुगी आएका, म्याद नाघी आएका वा अन्य शर्त राखी पेश हुन आएका दरभाउ पत्र मुल्याङ्कनमा समाबेश गरिने छैन ।

४. सवारी साधन चालकको पारिश्रमिक तथा अन्य सुबिधा र सवारी साधनको मर्मत सम्भार, सर्भिसीङ, इन्धन लगायत सबै खर्च सवारी धनीले गर्नु पर्नेछ ।

५. सवारी साधन भाडामा लिए पश्चात सम्झौता अवधिभर कार्यालयको आवश्यकता अनुसार जुनसुकै समयमा उपलब्ध गराउनु पर्नेछ साथै कार्यालयको अनुमति बिना अन्य प्रयोजनको लागि सवारी साधन प्रयोग गर्न पाइनेछैन ।

६. प्रस्तावित दरभाउ रकममा दस प्रतिशत बहाल कर कट्टा गरी मासिक रुपमा भुक्तानी गरिनेछ ।

७. सम्भावित दैवी प्रकोपबाट हुने क्षतिको सम्बन्धमा स्वयम् सवारी धनि जवाफदेही हुनेछ ।

८. सवारी साधन बिग्रिएर सेवा दिन असमर्थ भएमा बैकल्पिक सवारी साधनको ब्यबस्था गर्ने जिम्मा सवारी धनीको हुनेछ ।

९. माथि उल्लेख नभएका शर्तको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**सवारी साधनमा हुनुपर्ने मापदण्डहरुः**

- चार पांग्रे सवारी साधन (बोलेरो) 4 Wheeler हुनुपर्ने र सिट क्षमता ६ वा सो भन्दा माथि हुनुपर्नेछ ।

**पुनश्चः कार्यालयको हितलाई ध्यानमा राखी पेश भएका शिलबन्दी दरभाउ पत्रहरु पूर्ण रुपमा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयको हुनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**